स्थानीय सरकार
मैवाखोला गाउँपालिका
साँघु, ताप्लेजुङ

**वार्षिक बजेट तथा कार्यक्रम**
**आर्थिक वर्ष २०८२\०८३**

**प्रस्तुतकर्ता**
**कमल कुमारी लिम्बू**
(उपाध्यक्ष)

**सभाबाट पारित: २०८२।०३।११**

**प्रमाणिकरण मिति: २०८२।०३।१५**

## आर्थिक वर्ष २०८२\०८३ को वार्षिक बजेट तथा कार्यक्रम

**सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

**उपस्थित राष्ट्रसेवक कर्मचारीहरू,**

**पत्रकार मित्रहरू !**

मैवाखोला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको १७ औँ गाउँसभाको तेस्रो बैठक समक्ष **'सुखी र समृद्ध मैवाखोलाको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार'** दीर्घकालीन सोच सहित चालु आर्थिक वर्ष २०८१\०८२ को समीक्षा तथा आगामी आर्थिक वर्ष २०८२\०८३ को अनुमानित आय र व्ययको विवरण सहित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस भएको छ।

यस विशिष्ट अवसरमा ऐतिहासिक संविधान सभा निर्माण, सङ्घीयता, राष्ट्र र राष्ट्रियताको संरक्षण, गणतन्त्रको स्थापना, धर्म निरपेक्षता, समानुपातिक समावेशिता, सामाजिक न्याय र सु-शासन सहितको समृद्ध राष्ट्र र सुखी नेपालीको महान् लक्ष्यमा राष्ट्रलाई पुर्याउने र समाजमा रहेका सबै खाले विभेद, विकृति, विसङ्गतिको अन्त्य गर्दै नेपाल राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका न्यायपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति उच्च सम्मान साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यसै क्रममा घाइते तथा अङ्ग भङ्ग भएका व्यक्तिहरूप्रति सुस्वास्थ्य एवं शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

सीमित स्रोत साधन र असीमित आवश्यकताहरू छन्। जन चाहना तथा भवनाहरूलाई सम्बोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरू सम्वोधन गर्नु अवश्य पनि सहज विषय होइन तथापि गाउँपालिकाको वर्तमान आवश्यक्ताहरूलाई सम्बोधन गर्दै सार्वजनिक शिक्षाको रुपान्तरण, स्वास्थ्य क्षेत्रको व्यवस्थापन, अर्गानिक कृषिको प्रवर्द्धन, गौरवका आयोजनाहरूको प्राथमिकता, विपद प्रभावितहरूको पुनर्स्थापन तथा न्यूनतम रोजगारी सिर्जना गर्न सक्ने योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु। बजेट निर्माणको क्रममा सहयोग तथा उचित सल्लाह सुझाव दिनुहुने सम्बन्धित क्षेत्र, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, विभिन्न संघ संस्थाहरू, सरोकारवालाहरू, वुद्धिजिवी वर्ग, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, अध्यक्षज्यू, कार्यपालिकाका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, राष्ट्र सेवक कर्मचारीहरू सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु।

**सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा कार्यक्रमको प्रगति समीक्ष नीति तथा कार्यक्रम सँगै पेश गरिसकेको हुनाले समस्या तथा चुनौति, बजेटको सोच, लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरू सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु।

### १. समस्या तथा चुनौतिहरू :

**क) समस्याहरू**

- भौगोलिक कठिनाई,
- सीमित स्रोत साधन,
- जन समुदायको असीमित मागहरू,
- वर्षेनी बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिको मारमा पर्नु,
- दक्ष जन शक्तिको अभाव,
- उत्पादित वस्तुहरूको बजारीकरणको अभाव,
- तीव्र बसाईं सराईं,

- जनचेतनाको अभाव,
- पालिकाको न्यून आन्तरिक आय,
- गरिबी तथा न्यून आर्थिक अवस्था,
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा,
- बाल विवाह।

**ख) चुनौतिहरू**

- पालिकालाई आत्मनिर्भर बनाउनु,
- सीमित रकम तर असीमित आवश्यकता सम्बोधन गर्नु,
- विकास निर्माणमा जन सहभागिताको संस्कार बसाउनु,
- बसाईँसराई रोक्नु ,
- यातायातलाई सहज सरल बनाउनु,
- आन्तरिक आय वृद्धि गर्नु
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु,
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु,
- करको दायरा फराकिलो पार्नु,
- आय आर्जन र रोजगारी सिर्जना गर्नु,
- जनचेतना फैलाउनु,
- चुस्त दुरुस्त सेवा प्रवाह दिनु,
- कृषिमा आत्मनिर्भर बनाउनु,
- उत्पादित वस्तुको बजारीकरण गर्नु,
- बाल विवाह न्यूनीकरण गर्नु,
- प्राकृतिक विपत्तिको सामना गर्नु।

**२. बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू:**

**क) दीर्घकालीन सोच:** 'सुखी र समृद्ध मैवाखोलाको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार'

**ख) लक्ष्य:** मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै अर्गानिक कृषि दीगो पर्यटन लगायत सामाजिक तथा पूर्वाधारको विकास गरी आय र रोजगारीको माध्यमबाट नागरिकको जीवनस्तरमा गुणात्मक वृद्धि भएको हुनेछ।

**ग) बजेटका उद्देश्यहरू:**

- ❖ सामाजिक र आर्थिक रुपान्तरण मार्फत् पालिकाको मुहार फेर्ने ,
- ❖ कृषकहरूको क्षमता अभिवृद्धि, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने र बजारीकरणमा टेवा पुर्याउने,
- ❖ रासयनिक मलको विस्थापन गर्ने र प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन गरी अर्गानिक गाउँपालिका निर्माण गर्ने,
- ❖ सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्ने,
- ❖ आर्थिक विकास, गरिबी निवारण, सामाजिक न्याय र समतामुलक विकासको अवधारणालाई अगाडि बढाउँदै मैवाखोलाबासीको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउने

- ❖ दीगो र सन्तुलित विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्दै दीर्घकालीन विकासको अवधारणालाई सघाउ पुर्याउने,
- ❖ गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, अनुशाशित, श्रम र उत्पादनप्रति सकरात्मक, राष्ट्रिय भावना तथा आफू मैवाखोला बासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्ने,
- ❖ आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने ।
- ❖ **'सुखी, स्वस्थ र सक्षम बालबालिका, समृद्ध मैवाखोला गाउँपालिका'** भन्ने लक्ष्य सहित अघि बढी रहेको बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियानलाई सफल पार्ने,
- ❖ स्वास्थ्य क्षेत्र व्यवस्थित बनाउने,
- ❖ आय आर्जन र रोजगारी वृद्धि गर्ने,
- ❖ अधुरा पूर्वाधारहरु सम्पन्न गर्ने,
- ❖ पर्यटकीय क्षेत्रहरू तथा रैथाने भाषा, कला, साहित्य, संस्कृति तथा भेषभुषाको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने ।

**घ) अपेक्षित उपलब्धिहरूः**

- ➔ प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउने,
- ➔ प्राङ्गारिक मल उद्योग स्थापना भई मल उत्पादन गरी कृषकहरूलाई मल वितरण कार्य शुरु हुने,
- ➔ बहुउद्धेश्यीय कबर्ड हल सम्पन्न हुने,
- ➔ वडा नं. ३ र ४ मा स्वास्थ्य चौकी भवन सम्पन्न हुने,
- ➔ मैवाखोला मा.वि.को खेल मैदान निर्माण कार्य सम्पन्न हुने,
- ➔ बसन्तपुर- गुफा-साँघु-ढुङ्गेसाँघु-दोभान सडकको स्तरोन्नति भई बाह्रै महिना यातायात सुचारु हुने,
- ➔ दोभान -तिर्तिरे-खार्ते-फाकुम्बा-रानीवन -सामतोङ सडक स्तरोन्नति गरी बाह्रै महिना यातायात सुचारु हुने,
- ➔ मझुवा- ताम्राङ -घोरेटार -फाकुम्बा-थुकियादो सडक स्तरोन्नति हुने,
- ➔ बालमैत्री स्थानीय शासनयुक्त  गाउँपालिका घोषणा हुने,
- ➔ ६ वटै वडाहरूमा स्वास्थ्य चौकी स्थापना गरी आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने,
- ➔ विपद पिडित ६५ घर परिवारलाई स्थायी आवास निर्माण कार्य शुरु हुने,
- ➔ कृषकहरूलाई अलैंची खेती बाहेक फलफूल, तरकारी तथा कफी खेतीमा प्रोत्साहन गरी आय आर्जनमा वृद्धि हुने,
- ➔ शैक्षिक गुणस्तर वृद्धि हुने,
- ➔ सार्वजनिक-निजी-साझेदारी नीति निर्माण गरी लगानीको वातावरण बन्ने,
- ➔ गाउँपालिका भित्रका सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना यातायात सुचारू हुने,
- ➔ बेसार उद्योग मार्फत् बेसार ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण हुने,
- ➔ पालिका भित्रका सम्पूर्ण सार्वजनिक संस्थाहरूमा इन्टरनेटको पहुँच पुगेको हुने,
- ➔ पूर्ण विद्युतीकरण कार्यक्रम अन्तरगत बाँकी रहेका क्षेत्रमा कार्य सम्पन्न गरी विद्युतको पहुँचमा सुनिश्चित हुने,
- ➔ पशुपालन मार्फत् किसानहरूको आय आर्जन वृद्धि हुने,
- ➔ स्वच्छ खानेपानीको पहुँच वृद्धि हुने ।

आगामी आर्थिक वर्ष २०८२\०८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले निम्न संवैधानिक, नीतिगत र कानुनी व्यवस्था तथा आधार प्रयोग गरेको छुः

१. नेपालको संविधान,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ र नियमावली, २०७७,

६. संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७,

७. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४,

८. प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७,

९. सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन, मैवाखोला गाउँपालिकाको समृद्धिको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार भन्ने २५ वर्षे दीर्घकालीन सोच सहित तयार पारिएको पञ्च वर्षीय आवधिक विकास योजना,

१०. मध्यमकालीन खर्च संरचना, राजस्व सुधार योजना र वार्षिक नीति तथा कार्यक्रमहरू,

११. गाउँपालिकाको आन्तरिक साधन स्रोत,

१२. टोल विकास संस्था, विभिन्न संघ संस्था, सरोकारवाला, वडा कार्यालय तथा विषयगत समितिहरूबाट प्राथमिकता निर्धारण भई आएका आयोजनाहरूको सङ्गालो **आयोजना बैंक, २०८२,**

१३. संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नीतिहरू,

१४. विभिन्न साझेदार संस्थाहरूसँग भएका सहकार्यको प्रतिबद्धता,

१५. गाउँपालिकाले गरेका महत्वपूर्ण विषयहरूमा गरिएका विषेश निर्णयहरू

१६. निर्वाचनको समयमा गरिएका प्रतिबद्धता र घोषणा पत्र।

निष्कर्षमा भन्नु पर्दा यो बजेट समावेशी, समतामूलक तथा जनमुखी भएको विश्वास लिएको छु।

**सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको हालसम्मको प्रगति विवरण पेश गर्दछु। चालु आर्थिक वर्ष २०८१/०८२ को मिति २०८२\०३\०८ गतेसम्म भएको खर्चको यथार्थ विवरण प्रस्तुत गर्दछु।

| | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| चालु | २६,८३,८२,६८२ | १८ करोड ५३ लाख | ६९.०६ | |
| पूँजीगत | १४,७०,९९,०१८ | ८ करोड ५२ लाख | ५७.९७ | |
| जम्मा | ४१,५४,८१,७०० | २७ करोड ६ लाख | ६५.१३ | |

चालु आर्थिक वर्ष २०८१\०८२ को हालसम्मको आन्तरिक आय तथा राजस्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ।

| विवरण | २०८१/८२ कुल अनुमानित आय | हालसम्मको आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ६१ लाख | ४७ लाख | ७७.०४ |
| राजश्व वाँडफाड संघ | ६ करोड ९६ लाख | ५ करोड ४१ लाख | ७७.७५ |
| राजश्व वाँडफाड प्रदेश | २४ लाख ४१ हजार | २१ लाख ६१ हजार | ८८.५३ |

**चालु आ.व.मा हालसम्म निकाशा बमोजिमको खर्च प्रगति विवरण**

| | **वजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| **चालु** | २२ करोड ५७ लाख | १८ करोड ५३ लाख | ८२ | |

| | | | | |
|---|---|---|---|---|
| **पूँजीगत** | ९ करोड ८६ लाख | ८ करोड ५२ लाख | ८६ | |
| **जम्मा** | ३२ करोड ४३ लाख | २७ करोड ६ लाख | ८३.४४ | |

**आगामी आर्थिक वर्ष २०८२\०८३ को आय तर्फ निम्न स्रोत अनुमान गरेको छु।**

| आय | बजेट | अक्षेरेपी |
|---|---|---|
| वित्तीय समानीकरण संघ | ९४४०००००० | नौ करोड चौवालिस लाख |
| वित्तीय समानीकरण प्रदेश | ८५२५००० | पचासीलाख पच्चीस हजार |
| शसर्त अनुदान संघ | १७९१००००० | सत्र करोड एकानब्बे लाख |
| शसर्त अनुदान प्रदेश | ६६८६००० | छैसट्ठीलाख छयासी हजार |
| आन्तरिक आय | ६५००००० | पैंसट्ठी लाख |
| आन्तरिक आय मौज्दाद | ३७२५०००० | तीन करोड एकहत्तर लाख पचाँस हजार |
| राजस्व बाँडफाँड संघ | ७२५८७००० | सात करोड पच्चीस लाख सतासी हजार |
| राजस्व बाँडफाँड प्रदेश | ४४३२००० | चौवालीस लाख बत्तीस हजार |
| विशेष अनुदान संघ | ६८००००० | अड्सट्ठी लाख |
| विशेष अनुदान प्रदेश | ० | |
| समपुरक अनुदान संघ | १३९००००० | एक करोड उनन्चालिस लाख |
| समपुरक अनुदान प्रदेश | १५९००००० | एक करोड उनन्साठी लाख |
| गैर सरकारी संस्थाहरूबाट | १०३६००० | दश लाख छत्तिस हजार |
| **कुल जम्मा** | **४४७११६०००** | **चवालिस करोड एकहत्तर लाख सोह्र हजार** |

आम्दानिको अनुमान

| तह | समानीकरण अनुदान | राजस्व बाँडफाँड | शसर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | मौज्दात अनुमान | दातृ संघ संस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| संघ | ९४०००००० | ७२५८७००० | १७९१००००० | १३९००००० | ६८०००००० | | | ३६६७८७००० | |
| प्रदेश | 8525000 | 4432000 | ६६८६००० | १५९००००० | 0 | | | ३५५४३००० | |
| आन्तरिक आम्दानी | | ६५०००००० | | | | ३७२५०००० | | 43750000 | |
| करूणा फाउण्डेशन | | | | | | | 1036000 | १०३६००० | |
| जम्मा | १०2925००० | ८३५१९००० | १८५७८६००० | २९८०००००० | ६८०००००० | ३७२५०००० | 1036000 | 447116000 | |

खर्च हुने शीर्षक

| शीर्षक | समानीकरण | | राजस्व वाँडफाँड | | समपुरक | | विशेष अनुदान | | आन्तरिक आम्दानी | शशर्त अनुदान | | अल्या | करूणा फाउण्डेशन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | | संघ | प्रदेश | | | |
| चालु | १००००००० | | ६९०८७००० | ४४३२००० | 0 | 0 | 0 | 0 | 6500000 | १६२०००००० | ५५८६००० | | १०३६००० | २५८६४१००० |
| पूँजीगत | ८४४००००० | ८५२५००० | ३५०००००० | 0 | 13900000 | १५९००००० | ६८०००००० | 0 | ० | १७१००००० | ११०००००० | ३७२५००००० | | १८८4७५००० |
| जम्मा | ९४४००००० | ८५२५००० | ७२५८७००० | ४४३२००० | १३९००००० | १५९००००० | ६८०००००० | ० | ६५०००००० | १७९११००००० | ६६८६००० | ३७१५००००० | १०३६००० | ४४७११६००० |

**१. सामाजिक विकासतर्फः**

शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण र आयुर्वेद तर्फ गरी एकमुष्ट रूपमा **३,६३,६७,०००\- (अक्षरेपी तीन करोड त्रिसठ्ठी लाख सड्सठ्ठी हजार** )बजेट विनियोजन गरेको छु।

**१.१ शिक्षा क्षेत्रतर्फ**

यस वर्ष अघिल्लो वर्षहरूमा गरिएको कार्यक्रम तर नियमित गर्नुपर्ने कार्यक्रमहरू; एमबीबिएस डाक्टर उत्पादन, शेर्पा र आनिपान भाषा पठनपाठन, बालविकास तथा विद्यालय कर्मचारीको थप तलब भत्ता, राष्ट्रपति रनिङ शिल्ड, अतिरिक्त क्रियाकलाप, शैक्षिक क्यालेण्डर, थप प्र.अ. प्रोत्साहन भत्ता आदि कार्यक्रमहरूलाई आवश्यक बजेट विनियोजन गरी निरन्तरता दिएको छु। राज्यको नीतिले शिक्षालाई वैज्ञानिक, व्यवहारिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिकवान एवं राष्ट्र हितप्रति समर्पित एवं मैवाखोलाबासी भएकोमा गर्व गर्ने जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुराको अपेक्षा गरिएको छ जसका लागि शिक्षा क्षेत्रमा शशर्त अनुदान बाहेक रू **१,४४,३६,००० (अक्षरेपी एक करोड चौवालिस लाख छत्तीस हजार)** बजेट विनियोजन गरेको छु।

| क्र.स. | कार्यक्रमको नाम | बिनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | बाल विकास सहयोगी, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको तलब भत्ता | 5500000 | | |
| 2 | शैक्षिक क्यालेन्डर निर्माण | 100000 | | |
| 3 | एम. वी. वीएस. डाक्टर अध्ययन छात्रवृत्ति | 500000 | | |
| 4 | अतिरिक्त क्रियाकलाप | 700000 | | |
| 5 | शेर्पा भाषा र आनिपान पठनपाठन | 300000 | | |
| 6 | अतिरिक्त कक्षा सञ्चालन (कक्षा-८) | 900000 | | |
| 7 | मैवाखोला मा.वि. नमुना विकास कार्यक्रम तथा प्र.अ. भत्ता | 900000 | | |
| 8 | विद्यालय प्रशाशन व्यवस्थापन खर्च | 550000 | | |
| 9 | कक्षा ५ र ८ को वार्षिक परीक्षा सञ्चालन | 350000 | | |
| 10 | उत्कृष्ट प्र.अ तथा शिक्षकहरूलाई पुरस्कार | 450000 | | |
| 11 | थप बाल विकास शिक्षक पारिश्रमिक | 700000 | | |
| 12 | विद्यालयहरूको प्र.अ. प्रोत्साहन भत्ता (मासिक रू १००० को दरले) | 336000 | | |
| 13 | सामुदायिक सिकाइ केन्द्र पारिश्रमिक | 150000 | | |
| 14 | कक्षा ११ र १२ मा निःशुल्क शिक्षा लागु गर्न विद्यार्थीहरूलाई पाठ्यपुस्तक सहयोग | 400000 | | |
| 15 | पालिका भित्रका विषयगत शिक्षकहरूमध्येबाट विषयगत विज्ञ शिक्षक उत्पादन कार्यक्रम | 500000 | | |
| 16 | टोलस्तरमा अभिभावक शिक्षा कार्यक्रम | 100000 | १ | |
| 17 | शैक्षिक समाग्री व्यवस्थापन कार्यक्रम | 125000 | १ | |

| | | | | |
|---|---|---|---|---|
| 18 | टोलस्तरमा अभिभावक शिक्षा कार्यक्रम | 100000 | २ | |
| 19 | श्री सरस्वती आ.वि. कार्यालय व्यवस्थापन कार्यक्रम | 125000 | १ | |
| 19 | वडाभित्र रहेका विद्यालयहरुलाई शैक्षिक सामग्री व्यवस्थापन | 100000 | २ | |
| 20 | शैक्षिक व्यवस्थापन तथा फर्निचर निर्माण | 100000 | २ | |
| 21 | टोलस्तरमा अभिभावक शिक्षा कार्यक्रम | 100000 | ३ | |
| 22 | टोलस्तरमा अभिभावक शिक्षा कार्यक्रम | 100000 | ४ | |
| 23 | गंगा आ.वि. अतिरिक्त कक्षा सञ्चालन | 100000 | ४ | |
| 24 | टोलस्तरमा अभिभावक शिक्षा कार्यक्रम | 100000 | ५ | |
| 25 | श्री पाटीडाँडा मा.वि. लिम्बू भाषा शिक्षण कार्यक्रम | 300000 | ५ | |
| 26 | श्री हिमालय आधारभूत विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री फर्निचर निर्माण | 200000 | ५ | |
| 27 | श्री हिमालय आ.वि. मा भाषा शिक्षण कार्यक्रम | 100000 | ५ | |
| 28 | श्री शाहजित आ.वि. झ्याल ढोका मर्मत र ब्याट्री ईन्भर्टर खरिद | 150000 | ५ | |
| 29 | जनपृय आ.वि. मा भाषा शिक्षण कार्यक्रम | 100000 | ५ | |
| 30 | श्री महादेव आ.वि. मा भाषा शिक्षण कार्यक्रम | 100000 | ५ | |
| 31 | टोलस्तरमा अभिभावक शिक्षा कार्यक्रम | 100000 | ६ | |
| **जम्मा** | | 1,44,36,000 | | |

### १.२ युवा तथा खेलकुद तर्फः

विद्यालयस्तरबाट भलिबल, फुटबल तथा मार्सल आर्ट तर्फ सितरियो कराँते, उसु, तेक्वान्दो आदि खेल प्रशिक्षकहरूको व्यवस्था गरी इच्छुक खेलाडीहरूको उत्पादन तथा खेलकुदका अवसरद्वारा स्वस्थ्य, अनुशासित, सिर्जनशील नागारिक तयार र खेलकुद क्षेत्रको चौतर्फी विकास गर्न रू ५७,००,०००।- (सन्ताउन्न लाख) रुपैँया बजेट विनियोजन गरेको छु।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | विद्यालयस्तरमा भलिबल, फुटबल, उसु, सितरियो कराँते, तेक्वान्दो आदि खेलहरूको प्रशिक्षण शिविर सञ्चालन | 1000000 | | |
| 2 | शिवरात्री मेला लक्षित खेलकुद प्रवर्द्धन (जलजले क्लब) | 400000 | | |
| 3 | चासोक तङ्नामको अवसरमा सञ्चालन गरिने खेलकुद कार्यक्रम (लालिमा क्लव) | 400000 | | |
| 4 | विद्यालयबाट खेलाडी उत्पादन गर्न खेल प्रशिक्षकको व्यवस्था (फुटबल, भलिबल, तेक्वान्दो, कराँते, उसु, कबड्डी र एथ्लेटिक्स) | 2000000 | | |
| 5 | जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागिता जनाउन | 1000000 | | |

| | | | | |
|---|---|---|---|---|
| 6 | पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | 600000 | | |
| 7 | लालिमा क्लब व्यवस्थापन तथा खेलाडीको क्षमता विकास | 200000 | २ | |
| 8 | महाशिवरात्री विशेष खेलकुद कार्यक्रम | 100000 | ३ | |
| **जम्मा** | | **57,00,000** | | |

**१.३ स्वास्थ्य तथा पोषण तर्फः**

नागरिकहरूलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य सहित आवश्यक बजेटको व्यवस्था गर्दै जेष्ठ नागरिक तथा अपाङ्गता भएका 'क' र 'ख' वर्गका व्यक्तिहरूलाई घर घरमै गई स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। गर्भवती आमा तथा सुत्केरी आमाहरूलाई मातृ पोषण कार्यक्रम अन्तरगत उपाध्यक्ष चेसुङ कार्यक्रमलाई निर्न्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु। स्वास्थ्य संस्थाहरूमा निःशुल्क प्रदान गरिने ९८ प्रकारका औषधी खरिद तथा वितरण एवं दीर्घ रोगीहरूलाई उपचार सहयोग गर्न अध्यक्ष स्वास्थ्य सहयोग कोषको व्यवस्था गर्दै स्वास्थ्य संस्थाहरूमा आवश्यक उपकरणहरूको व्यवस्था सहित गाउँपालिकाका नागरिकहरूको स्वास्थ्य सुधारका लागि आवश्यक रु ७३७०००० (अक्षरेपी त्रिहत्तर लाख सत्तरी हजार मात्र) बजेट विनियोजन गरेको छु।

| क्र .स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | जेष्ठ नागरिक तथा अपाङ्गता 'क' र 'ख' वर्गका व्यक्तिहरुलाई घर घरमै गई स्वास्थ्य परीक्षणका लागि स्वास्थ्यकर्मी यातायात खर्च | 220000 | | |
| 2 | मातृ पोषण कार्यक्रम अन्तर्गत उपाध्यक्ष चेसुङ कार्यक्रम | 600000 | | |
| 3 | स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम | 300000 | | |
| 4 | निःशुल्क प्रदान गरिने ९८ प्रकारका औषधि खरिद तथा वितरण | 2400000 | | |
| 5 | अध्यक्ष स्वास्थ्य सहयोग कोष | 800000 | | |
| 6 | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको पुर्नताजगी तालिम, वार्षिक समीक्षा, दिवश मनाउन | 400000 | | |
| 7 | महिला स्वास्थ्य स्वयं सेविका मासिक बैठक खाजा प्रति बैठक २०० का दरले | 200000 | | |
| 8 | स्वास्थ्य संस्थासम्म सुत्केरी गराउन ल्याए बापत म.स्वा.स्वयं. सेविकालाई प्रोत्साहन रकम प्रति गर्भवती१००० का दरले | 100000 | | |
| 9 | घरघरमा स्वास्थ्य परीक्षणका लागि BP Set,Sugar Test Machine,Ointment Dichlofanac jel, Asthalin खरिद | 500000 | | |
| 10 | साल्टर, पान स्केल, पर्दा with Stain,ओटोक्लेभ मेसिन,Delivery Bed लगायतका स्वास्थ्य उपकरण खरिद | 300000 | | |
| 11 | साङलुक्पा स्वास्थ्य चौकीमा उपकरण तथा स्वास्थ्य सामाग्री खरिद | 150000 | | |
| 12 | स्वास्थ्य चौकी तेल्लाबुङमा स्वास्थ्य उपकरण तथा स्वास्थ्य सामाग्री खरिद व्यवस्थापन | 150000 | | |
| 13 | स्वास्थ्य संस्थाहरुको लागि आवश्यक रेकर्डिङ/रेपोर्टिङ रजिष्टर छपाई | 200000 | | |

| | | | | |
|---|---|---|---|---|
| 14 | प्राथमिक स्वास्थ्य केन्द्र ढुङगेसाँघुलाई WHO मान्यता प्राप्त Deep Freeze खरिद | 500000 | | |
| 15 | साँघु स्वास्थ्य चौकीको लागि आवश्यक उपकरण खरिद | 300000 | | |
| 16 | पोषण मैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन, पोषण कार्यक्रमको योजना तयारी | 100000 | | |
| 17 | तेल्लाबुङ स्वास्थ्य चौकी कार्यालय व्यवस्थापन कार्यक्रम | 50000 | १ | |
| 18 | प्राथमिक स्वास्थय केन्द्र ढुङ्गेसाँघुमा उपकरण तथा स्वास्थ्य सामग्री खरिद | 100000 | २ | |
| **जम्मा** | | **73,70,000** | | |

### १.४ खानेपानी तथा सरसफाई तर्फ

'एक घर एक धारा' अभियानलाई सम्पन्न गर्न मैवाखोला गाउँपालिकाभित्र रहेका खानेपानी आयोजनाहरूको मुहान संरक्षण तथा मर्मत गरी सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन रू **२७,२५,०००।-** (सत्ताइस लाख पच्चीस हजार रुपैँया) बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | बिनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | आवश्यकताको आधारमा खानेपानी मुहान आयोजनाहरूको मर्मत | 500000 | | |
| 2 | NWASH Data संकलन तथा अद्यावधिक | 50000 | | |
| 3 | खम्बु खर्क खानेपानी आयोजना | 800000 | | |
| 4 | गैरीगाउँ खानेपानी निर्माण | 475000 | १ | |
| 5 | सुरबिरे खानेपानी मर्मत संभार | 150000 | १ | |
| 6 | बास्थलादेखि रमिते मुहानसम्म खानेपानी मर्मत | 200000 | २ | |
| 7 | अलैंचे -मेहेल- प्याक्तु खानेपानी पाईप खरिद तथा मर्मत | 300000 | ३ | |
| 8 | दार्मे शिम्बा खानेपानी पाईप खरिद तथा मर्मत | 100000 | ३ | |
| 9 | मालिङ्गेनी खानेपानी मर्मत | 150000 | ४ | |
| **जम्मा** | | **27,25,000** | | |

### १.५ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण तर्फ

बाल बालिकाहरूको हक अधिकार सुनिश्चित गर्ने उद्धेश्यले बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियानलाई सफल पार्न आवश्यक वजेट विनियोजन गरेको छ। गाउँपालिका भित्रका दलित समुदायहरूलाई लक्षित गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक पक्षको सशक्तिकरणका लागि स्थापना गरिएको "दलित शशक्तिकरणका लागि अध्यक्ष कोष" लाई निरन्तरता दिएको छ। प्रदेश सरकार तथा करूणा फाउन्डेसनसँग सहकार्य गरी त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिन आवश्यक वजेट विनियोजन गरेको छ। लक्षित वर्ग तथा सामाजिक समावेशीकरण तर्फ आवश्यक बजेट रू **४६,३६,०००।-** (अक्षेरपी छयालिस लाख छत्तीस हजार) बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | बिनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा कार्यक्रम | 1000000 | | |
| 2 | लैङ्गिक हिंसा निवारण सम्बन्धी १६ दिने अभियान | 100000 | | |
| 3 | दलित सशक्तिकरणका लागि अध्यक्ष कोष | 800000 | | |
| 4 | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन (गा.पा. बाट विनियोजित) | 1036000 | | |
| 5 | नारी दिवस विशेष कार्यक्रम प्रत्येक वडामा | 150000 | | |
| 6 | आपतकालीन बाल उद्धार कोष | 50000 | | |
| 7 | लैङ्गिक हिंसा निवारण कोष | 50000 | | |
| 8 | पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 100000 | १ | |
| 9 | पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 100000 | २ | |
| 10 | पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 150000 | ३ | |
| 11 | महिला सिल्पकला तालिम | 100000 | ३ | |
| 12 | पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 250000 | ४ | |
| 13 | जनप्रिय आ.वि.को पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 100000 | ५ | |
| 14 | पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 250000 | ५ | |
| 15 | अपाङ्गता क्षमता विकास तालिम | 100000 | ६ | |
| 16 | पुराना भौतिक संरचनाहरू सुधार गरी बालमैत्री संरचना निर्माण | 300000 | ६ | |
| **जम्मा** | | **46,36,000** | | |

### १.६ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण

पालिका क्षेत्र भित्रका रैथाने भाषा, कला, साहित्य र संस्कृति तथा भेषभुषाको संरक्षण तथा प्रवर्द्धन गरी भाषिक, सांस्कृतिक एकता र सद्भाव कायम गर्न रू.१०,००,०००।- (अक्षरेपी दश लाख) बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | आदिवासी जनजातिहरुको कला, संस्कृति र मौलिक भेषभुषा र बाजागाजाहरूको संरक्षण तथा प्रशिक्षण | 1000000 | | |
| **जम्मा** | | **1000000** | | |

### १.७ आयुर्वेद तर्फ

आयुर्वेद औषधालय साँघुद्वारा आयुर्वेदिक सेवा प्रदान गर्न रू ५००,००० (अक्षरेपी पाँच लाख) बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 1 | अति आवश्यक औषधि खरिद | 200000 | | |
| 2 | १ घर ५ योग ५ जडिबुटी सम्बन्धी तालिम | 300000 | | |
| **जम्मा** | | **5,00,000** | | |

**२.आर्थिक विकास तर्फ:**

कृषि, पशुपंक्षी, सहकारी, सिँचाइ, उद्योग, व्यवसाय एवम् उद्यम विकास, पर्यटन र श्रम तथा रोजगारका क्षेत्रहरुमा एकमुष्ट रु **२,०७,३३,००० (अक्षरेपी दुई करोड सात लाख तेत्तीस हजार)** बजेट विनियोजन गरेको छु।

**२.१ कृषि विकासतर्फ**

यो आर्थिक वर्षमा कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखिएको छ। कृषिमा अर्गानिक पालिका बनाउन रासायनिक मलको प्रयोगमा न्यूनीकरण र प्रतिस्थापन गर्न प्राङ्गारिक मल उत्पादन गरी कृषकहरुलाई वितरण गर्ने उद्धेश्यसहित उन्नत जातको फलफूल तथा तरकारीहरूको बीउ बिजन वितरण गरी कृषकहरूको आयआर्जन सुधार गर्न तथा कृषि स्वयंसेवक व्यवस्थापन र परिचालन एवं कृषकहरूलाई तालिमका लागि रू ७२,३३,०००।- वजेट विनियोजन गरेको छु।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | **श्रोत** |
|---|---|---|---|---|
| 1 | प्राङ्गारिक मल उद्योग शेड निर्माण | 3000000 | | |
| 2 | जैविक विषादी खरिद तथा वितरण | 500000 | | |
| 3 | नर्सरी व्यवस्थापन | 133000 | | |
| 4 | फलफूल विरुवा वितरण (किवी, एबोकार्डो, आँप, लिची सुन्तला, कागती लगायत) | 800000 | | |
| 5 | विभिन्न तरकारीका वीउ बिजन मिनी किट खरिद तथा वितरण | 800000 | | |
| 6 | २८ वटै टोलको माटोको नमुना सङ्कलन तालिम तथा माटो उपचार शिविर | 800000 | | |
| 7 | बेसार खेती प्रवर्द्धन कार्यक्रम | 200000 | | |
| 8 | कृषक क्षमता विकास तालिम | 400000 | | |
| 9 | कृषि स्वयं सेवक परिचालन | 300000 | | |
| 10 | किसानहरूलाई फलफूलको विरुवा वितरण | 200000 | १ | |
| 11 | किसानहरूलाई फलफूलको विरुवा वितरण | 100000 | ५ | |
| **जम्मा** | | **72,33,000** | | |

**२.२ पशुपन्छी विकासतर्फ**

पशुपन्छीमा लाग्ने रोग तथा परिजिवी सङक्रमण उपचार गर्न औषधि खरिद एवं उन्नत जातका बाख्रा, बङगुर, माछा पालन गरी कृषकहरूको आय आर्जन वृद्धि गर्न र आत्मनिर्भर बनाउन रू **१९,००,००० (अक्षरेपी उन्नाइस लाख)** बजेट विनियोजन गरेको छु।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | पशुपन्छीको औषधि खरिद | 800000 | | |
| 2 | किसानहरूलाई उन्नत जातको बङ्गुरको पाठापाठी वितरण | 100000 | ५ | |
| 3 | किसानहरूलाई उन्नत जातको बाख्रा वितरण | 100000 | ५ | |
| 4 | बाख्रा पालन कार्यक्रम | 500000 | | |
| 5 | रेबिज खोप शिविर | 100000 | | |
| 6 | माछा पालन कार्यक्रम | 300000 | | |
| **जम्मा** | | **19,00,000** | | |

**२.३ सहकारी क्षेत्रतर्फ**

मैवाखोला गाउँपालिका भित्रका सक्रिय रूपमा सञ्चालित सहकारीहरूलाई थप चलायमान र क्षमता अभिवृद्धि गर्न रू ४,००,००० वजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | सहकारी संस्थाहरूलाई क्षमता अभिवृद्धि तालिम | 400000 | | |
| **जम्मा** | | **4,00,000** | | |

**२.४ सिँचाईतर्फ**

गाउँपालिक भित्रका साना सिँचाई आयोजनाहरूको निर्माण तथा सञ्चालन र व्यवस्थापन गरी उत्पादनमा वृद्धि गर्ने उद्धेश्यले रु ३९ लाख बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | वडा नं. ३ को नेरुवाखोला हुँदै चौतारे फलाँटे सिँचाई आयोजना | 2000000 | | |
| 2 | आवश्यकता अनुसार सिँचाई आयोजनाहरूको मर्मत | 500000 | | |
| 3 | लाम्धुङ्गे साक्फारा सिँचाई मर्मत | 200000 | १ | |
| 4 | भुल्के सिँचाई कुलो मार्मत | 300000 | १ | |
| 5 | नयाँ वन ठोसेनी खोला सिँचाई निर्माण | 600000 | ४ | |
| 6 | सिङचोक च्यानडाँडा सिँचाई कुलो मर्मत | 300000 | ६ | |
| **जम्मा** | | **39,00,000** | | |

**२.५ उद्योग, व्यवसाय एवम् उद्यम विकास**

साना जल विद्युत आयोजना लगायत अन्य सम्भावित क्षेत्रहरूमा स्थानीय सरकार, निजी क्षेत्र र स्थानीय बासीहरूको संयुक्त लगानी गरी आन्तरिक आय वृद्धि गर्न, स्थानीयहरूको आयआर्जन बढाउन र रोजगारी सिर्जना गर्ने उद्धेश्यले सार्वजनिक-निजी-साझेदारी नीति निर्माण गर्न, स्थानीयस्तरमा पाइने साधन तथा स्रोतको उचित सदुपयोग गरी व्यवसायीहरूको वृद्धि गर्न तथा नव उद्यमीहरू सिर्जना गर्न रू ६९,००,००० (अक्षरेपी उनन्सत्तरी लाख बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | अल्लोको धागोबाट कपडा बनाउने स्तरोन्नति तालिम | 300000 | | |
| 2 | अल्लोको कपडाबाट विभिन्न डिजाइनका सामग्री तयार गर्ने स्तरोन्नति तालिम | 300000 | | |
| 3 | नव उद्यमीहरूका लागि उद्यमशीलता सीप विकास तालिम | 200000 | | |
| 4 | प्राङ्गरिक मल उद्योग सञ्चालन गर्न उपकरण खरिद | 3500000 | | |
| 5 | सार्वजनिक- निजी- साझेदारी लगानी सम्बन्धी नीति निर्माण | 1500000 | | |
| 6 | सिपमुलक तालिम कार्यक्रम | 100000 | २ | |
| 7 | युवा लक्षित उद्यमशिलता सीप विकास तालिम | 100000 | ५ | |
| 8 | नुम्लोक टोल विकास संस्थालाई मिनिमिल खरिद | 100000 | ५ | |
| 9 | मौरी पालन सम्बन्धी तालिम | 300000 | ६ | |
| 10 | मैवाखोला-६ मिनिमिल खरिद वितरण | 300000 | ६ | |
| 11 | हाते ट्र्याक्टर तथा मिनिटिलर ३ वटा खरिद वितरण | 200000 | ६ | |
| **जम्मा** | | **69,00,000** | | |

**२.६ पर्यटन विकासतर्फ**

पर्यटन क्षेत्रमा रु ४००००० (अक्षरेपी चार लाख) बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं | श्रोत |
|---|---|---|---|---|---|
| 1 | होटल व्यवसायीहरुलाई अतिथि सत्कार (Hospitality Management) र हाउस किपिङ सम्बन्धी तालिम | 400000 | | | |
| **जम्मा** | | **4,00,000** | | | |

**२.७ श्रम तथा रोजगार**

**२.७.१ अध्यक्ष रोजगार कार्यक्रम तर्फः**

गाउँपालिकामा सूचीकृत वेरोजगार युवाहरूलाई न्यूनतम रोजगारीको अवसर प्रदान गरी आर्थिक सशक्तिकरणमा सबल बनाउन अध्यक्ष रोजगार कार्यक्रमलाई निरन्तरता दिई ६०,००,००० बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | पाठक डाँडा देखि सुन्तले देउराली पदमार्ग निर्माण | 250000 | 1 | |
| 2 | मानेडाँडा-चित्रे सडक सोलिङ | 300000 | 1 | |
| 3 | खानीटोल-टारगाउँ-मानेडाँडा सडक सोलिङ | 300000 | 1 | |
| 4 | श्री पाटी आ.वि. देखि डाँडागाउँ-तेल्लाबुङ पदमार्ग सोलिङ | 150000 | 1 | |
| 5 | लालि रमिते टोल विकास संस्था अन्तरगत पर्ने टोल भरिका सबै सडकहरूको सोलिङ | 200000 | 2 | |
| 6 | भुसुने मुडे हुँदै गोर्जा जाने सडक सोलिङ तथा मर्मत | 200000 | 2 | |
| 7 | हात्तीखावा स्वास्थ्य इकाईबाट कागते सडक जोड्ने सोलिङ | 200000 | 2 | |
| 8 | देउराली देखि बर हुँदै पेरुङ्गे सम्म जाने पदमार्ग | 200000 | 2 | |
| 9 | मैवाखोला मा.वि. देखि थुक्वा चेरे सडक मर्मत | 200000 | 2 | |
| 10 | कागते-लुकुवाखोला-पँधेरे-साँघुपाटी सिंचाई मर्मत | 200000 | 3 | |
| 11 | खोप्टे दाविले लुकुवा सडक सोलिङ | 200000 | 3 | |
| 12 | चल्ले सत्तल मोटरबाटो सोलिङ् | 200000 | 3 | |
| 13 | बहुउद्देश्यीय कबर्डहल हुँदै पोखरीटार -पाङ्गाडाँडा सडक सोलिङ | 200000 | 3 | |
| 14 | बुङ्धाक लाली सडक बीचको भागमा ग्याविन जाली निर्माण | 200000 | 3 | |
| 15 | वडा कार्यालयदेखि गाउँपालिका जोड्ने सडक सोलिङ | 500000 | 4 | |
| 16 | टारी खोल्सादेखि कान्छी ढुङ्गा सम्म पदमार्ग निर्माण | 300000 | 4 | |
| 17 | मुलबाटो हुँदै दाल बारी कँदले डाँडासम्म पदमार्ग निर्माण | 200000 | 4 | |
| 18 | टिम्बुरे जिरो पोइन्टदेखि डाँडागाउँ-पाटीडाँडा -मार्केनी-पुर्लुङ्गे- दुवेनी हुँदै फुन्चेवुङ काम्साङसम्म सडक सोलिङ | 300000 | 5 | |
| 19 | मनकुमार लिम्बुको घर मास्तिरदेखि आइतबारे थानसम्म सडक सोलिङ | 100000 | 5 | |
| 20 | महादेव प्रा.वि. मुनि देखि महादेवथान ट्रनिङसम्म सडक सोलीङ | 300000 | 5 | |
| 21 | धारा घरदेखि शेर्पा समाधि स्थलसम्म गोरेटो बाटो निर्माण | 300000 | 5 | |
| 22 | वसाङलुङ आ.वि. घेरावारा | 400000 | 6 | |
| 23 | ओरखुमदेखि फुन्चिङदेन चोकसम्म मोटर बाटो स्तरोन्नति | 400000 | 6 | |
| 24 | रानीवन आ.वि. अधुरो घेराबारा गेट निर्माण | 200000 | 6 | |
| | **जम्मा** | **60,00,000** | | |

**२.७.२ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ६ वटा वडाहरूमा रोजगार वृद्धिको लागि १६ वटा आयोजनाको लागि रू २४,७२,००० (चौबीस लाख बहत्तर हजार) बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | सरोज मास्वाको घरदेखि पाटी आ.वि. सम्म पदमार्ग निर्माण | 100000 | 1 | |

| | | | | |
|---|---|---|---|---|
| 2 | सुरविरे हाङ्वा पदमार्ग निर्माण | 100000 | 1 | |
| 3 | श्री नारायणको घर देखि मदन भण्डारी आ.वि. सम्म पदमार्ग सोलिङ | 100000 | 1 | |
| 4 | मेहेल्टार-चित्रे सडक सोलिङ | 100000 | 1 | |
| 5 | हात्तीखावादेखि खेसिक्वा खोल्सासम्म सडक स्तरोन्नति | 200000 | 2 | |
| 6 | वडा नं. २ को मुख्य सडक पेरूङ्गे-तेम्बे-लेकुवा-बास्थला-भुसुने-मुडे-खावाचौरसम्म सडक स्तरोन्नति | 200000 | 2 | |
| 7 | नेरा- माङ्देन चौक हुँदै प्रशासनिक भवनसम्म पदमार्ग निर्माण | 200000 | 3 | |
| 8 | बुङ्धाक बीच हुँदै गुम्बा डाँडासम्म पदमार्ग निर्माण | 200000 | 3 | |
| 9 | माङ्धामदेखि नन्दकुमार श्रेङको घरसम्म पदमार्ग निर्माण | 200000 | 4 | |
| 10 | खाम्सादेन चिहान डाँडा जाने पदमार्ग निर्माण | 200000 | 4 | |
| 11 | घोरेटार देवीथानदेखि पूर्णध्वज लिम्बुको घर अगाडि सडक जोडिएको ठाउँसम्म सडक सोलिङ | 200000 | 5 | |
| 12 | सिरिसे ढाँप हुँदै मानबहादुर राईको घर डाङ्सिखेल टोल सम्म गोरेटो बाटो सोलिङ | 80000 | 5 | |
| 13 | मिलनको घरदेखि हिमालय आ.वि. हुँदै लाङ्सेम्बासम्म गोरेटोबाटो सोलिङ | 156000 | 5 | |
| 14 | सिदिङ्ला जीवनको घर छेउ सडक सोलिङ | 150000 | 6 | |
| 15 | दानाबुङदेखि सतमीसम्मको गोरेटो सिँढी सोलिङ | 150000 | 6 | |
| 16 | लेवादेनदेखि रानीवन आ.वि. सम्म सडक सोलिङ | 136000 | 6 | |
| **जम्मा** | | **24,72,000** | | |

**३ पूर्वाधार विकास तर्फः**

सडक,भवन तथा वस्ती विकास, सूचना, सञ्चार र प्रविधिका क्षेत्रहरूमा एकमुष्ट रु ७,४४,७५,०००।- (अक्षरेपी सात करोड चौवालीस लाख पचहत्तर हजार) रकम विनियोजन गरेको छ।

**३.१ सडक तर्फ**

मैवाखोला गाउँपालिकाका स्थानीयबासी जनताहरूलाई सडक तथा यातायातको पहुँच वृद्धि गरी सहज जीवनयापनका लागि बजेट विनियोजन गरेको छ। योजनाहरूको दिगो उपयोग र प्रभावकारिताका लागि मर्मत संभार कोषलाई निरन्तरता दिएको छ। आर्थिक वर्ष २०८२।०८३ को लागि सडकहरूको निर्माण र स्तरोन्नतिका लागि रू १,६९,५०,००० रकम विनियोजन गरेको छ।

| क्र.स | कार्यक्रमको नाम आयोजनाको नाम | विनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | समपुरक कोष | 8000000 | | |
| 2 | रानीवन -साम्तोङ -सिन्धोलुङ झरनासम्म सडक नयाँ ट्र्याक ओपन | 1000000 | | |
| 3 | वडा नं. ५ को पाटी डाँडा-भीर कटेरी नयाँ ट्र्याक ओपन | 800000 | | |
| 4 | खम्बुलेदेखि वसाङ्लुङसम्म पैदल मार्ग निर्माण | 500000 | | |
| 5 | खानी टोल, गैरी गाउँ, सुरवीरे, बरझ्याङ क्षेत्रहरूमा नयाँ ट्र्याक ओपन | 500000 | १ | |

| | | | | |
|---|---|---|---|---|
| 6 | आङलिवाबाट हात्तीखावा स्वास्थ्य इकाईसम्म सडक स्तरोन्नति | 300000 | २ | |
| 7 | मदन भण्डारीको घरदेखि रमितेसम्म सडक ट्र्याक ओपन | 300000 | २ | |
| 8 | चक्रे गैरेदेखि सिकारीटार हुँदै मेहेलटार जाने सडक सोलिङ तथा मर्मत | 300000 | २ | |
| 9 | पञ्चमीदेखि पिङ डाँडा जोड्ने कृषि सडक स्तरोन्नति | 300000 | २ | |
| 10 | हाङबाक्मा पहिरो ट्रनिङ ग्याविन | 300000 | २ | |
| 11 | वडा कार्यालयबाट माङदेन चोक हुँदै प्याक्तु सडक सोलिङ तथा ग्याविन वाल | 400000 | ३ | |
| 12 | वडा नं. ३ भित्रका सम्पूर्ण शाखा सडकहरु मर्मत | 300000 | ३ | |
| 13 | टारघर -पानी चौर -गौतमडाँडा हुँदै ड्रिलिप सडक सम्म सोलिङ तथा ड्रेन निर्माण | 300000 | ३ | |
| 14 | किलीपाखा- ठुली चौर- लामपोखरी -सिरिसे ट्रनिङ सडक ट्र्याक ओपन | 300000 | ३ | |
| 15 | सौरेनी -भालुखोप -मगनबारी सडक सोलिङ | 500000 | ४ | |
| 16 | घिमिरे गाउँदेखि फाकुम्बा जाने सडक सोलिङ तथा स्तरोन्नति | 500000 | ४ | |
| 17 | चिम्फाक जिरो पोईन्ट देखि शेर्पा समाधि स्थलसम्म सडक सोलिङ | 300000 | ५ | |
| 18 | खानी गौडा साङ्गे शेर्पाको घर मुनि देखि मिङ्मा तार्के शेर्पाको घरसम्म सडक सोलिङ तथा ग्याविन | 200000 | ५ | |
| 19 | तेल्लोकबारीदेखि साईमनाको घरसम्म सडक सोलिङ | 150000 | ५ | |
| 21 | सक्रातेदेखि दलमानको घर हुँदै थुकिया अधुरो मोटरबाटो निर्माण | 500000 | ६ | |
| 22 | हाम्फाबुङ सडक ठेस गाह्रो तथा ग्याविन वाल निर्माण | 500000 | ६ | |
| 23 | साम्याङ्वा श्री ट्रनिङदेखि रानीवन डाँडा सम्मको सडक स्तरोन्नति | 400000 | ६ | |
| 24 | फुन्छिन्देन सुके खोल्सादेखि मुजुवा सिङ्चोक हुँदै फुङफाङ झर्ना सम्मको सडक निर्माण | 300000 | ६ | |
| **जम्मा** | | **1,69,50,000** | | |

**३.२ भवन तथा वस्ती विकासतर्फः**

यो आर्थिक वर्षमा प्रशासनिक भवन सम्पन्न गरी सञ्चालनमा ल्याउन, जग्गा व्यवस्थापन सहित विपद पिडीत ६५ घर परिवारहरूलाई स्थायी आवास निर्माण कार्य शुरु गर्न र फुसको छानो प्रतिस्थापन गर्न विशेष प्राथमिकतामा राखी रू **५,७५,२५,०००।- (पाँच करोड, पचहत्तर लाख पच्चीस हजार)** रकम विनियोजन गरेको छु।

| क्र.स | कार्यक्रमको नाम आयोजनाको नाम | बिनियोजित रकम रू | वडा नं. | श्रोत |
|---|---|---|---|---|
| 1 | प्रशाशनिक भवन निर्माण | 15000000 | | |
| 2 | प्रशाशनिक भवनको इन्टेरियर डिजाइन सहित फर्निसिङ र फिनिसिङ | 12000000 | | |
| 3 | प्रशाशनिक भवनमा लिफ्ट जडान तथा ट्रष्ट भर्याङ निर्माण | 3500000 | | |
| 4 | विस्थापित ६५ घर परिवारलाई स्थायी आवास निर्माणका लागि जग्गा व्यवस्थापन तथा घर निर्माण | 10000000 | | |

| | | | | |
|---|---|---|---|---|
| 5 | फुसको छानो विस्थापन कार्यक्रम | 2000000 | | |
| 6 | एकीकृत वस्ती विकासको विस्तृत परियोजना प्रतिवेदन | 1500000 | | |
| 7 | वडा नं. २ को अधुरो सामुदायिक भवन निर्माण सम्पन्न | 800000 | | |
| 8 | वडा नं. ३ मा सिलाम साःक्माको स्थायी प्रतिमा निर्माण | 2500000 | | |
| 9 | वडा नं. २ को ङाङ्युर छयोलिङ गुम्बा डीपी आर | 600000 | | |
| 10 | बहुउद्धेश्यीय कबर्ड हलको बाहिरी वाल तथा रेलिङ निर्माण | 800000 | | |
| 11 | २ नं. वडाका लागि पेरिङ्गे योक पूर्वाधार निर्माण | 300000 | | |
| 12 | अघिल्लो वर्षको वडा नं. ३ को स्वास्थ्य चौकी भवन सम्पन्न गर्न | 1000000 | | |
| 13 | गङ्गा आ.वि.को खेल मैदान निर्माण | 700000 | | |
| 14 | वडा नं. ३ को बुङ्दाक खेल मैदान विस्तार | 500000 | | |
| 15 | वडा नं. ६ को टासिदिङ बौद्ध गुम्बा घेराबरा | 300000 | | |
| 16 | मालिङ्गेनी आ.वि.को घेराबारा निर्माण | 400000 | | |
| 17 | फुसको छानो विस्थापन कार्यक्रम | 200000 | १ | |
| 18 | गाउँघर क्लिनिक भवन निर्माण चित्रे | 200000 | १ | |
| 19 | श्री मदन भण्डारी आ.वि. भवन तथा खेल मैदान मर्मत | 475000 | १ | |
| 20 | श्री पाटी आ.वि. शौचालय निर्माण | 300000 | १ | |
| 21 | हात्तीखावा स्वास्थ्य ईकाइ घेराबारा, ठेस गाह्रो तथा रङ्गरोगन | 200000 | २ | |
| 22 | साङादिकी छयोलिङ आ.वि. अफिस मर्मत तथा क्यान्टिन व्यवस्थापन | 100000 | २ | |
| 23 | अस्थायी प्रहरी चौकी घेराबारा | 100000 | २ | |
| 24 | ठोट्ने सिँहराज मनरानी आ.वि. घेराबारा तथा गेट निर्माण | 100000 | २ | |
| 25 | मैवाखोला मा.वि. परिसर ग्राबेल | 300000 | २ | |
| 26 | सरस्वती आ.वि गेट निर्माण | 100000 | ३ | |
| 27 | खोप ईकाइ भवन निर्माण ताङसादेन | 500000 | ३ | |
| 28 | उर्गेन छयोलिङ गुम्बा किचन निर्माण तथा समाग्री खरिद | 300000 | ३ | |
| 29 | युमा माङहिम मन्दिर परिसर भित्र कम्पाउण्ड, गेट निर्माण तथा समाग्री खरिद | 500000 | ३ | |
| 30 | श्री सोनाम पेमा छयोलिङ गुम्बा निर्माण | 1000000 | ४ | |

| | | | | |
|---|---|---|---|---|
| 31 | वडा कार्यालयमा बालमैत्री सौचालय निर्माण | 300000 | ४ | |
| 32 | फाकुम्बा स्वास्थ्य चौकी कुरुवा घर निर्माण | 300000 | ५ | |
| 33 | अस्थायी प्रहरी चौकी प्रतिक्षालय निर्माण र मर्मत संभार | 50000 | ५ | |
| 34 | फुसको छानो प्रतिस्थापन कार्यक्रम | 250000 | ५ | |
| 35 | श्री पाटिडाँडा मा.वि. बार्दली निर्माण | 50000 | ५ | |
| 36 | अस्थायी प्रहरी चौकी घेराबारा साझेदार | 100000 | ६ | |
| 37 | टाँसिदिङ बौद्ध गुम्बामा ठेस गाह्रो | 200000 | ६ | |
| **जम्मा** | | **5,75,25,000** | | |

### ४. वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ

वन तथा जैविक विविधता, वातावरण स्वच्छता तथा फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकुलनका क्षेत्रहरूमा एकमुष्ट **रु २२,००,०००।-** (बाइस लाख ) रकम विनियोजन गरेको छु ।

### ४.१ वन तथा जैविक विविधता:

पहिरोग्रस्त क्षेत्रमा पहिरो नियन्त्रण तथा अल्लो संरक्षणका लागि वृक्षारोपण कार्यक्रम गर्न रू २ लाख पचास हजार रकम विनियोजन गरेको छु ।

| क्र स | कार्यक्रमको नाम | विनियोजित रकम | वडा नं | **श्रोत** |
|---|---|---|---|---|
| 1 | पहिरोग्रस्त क्षेत्रमा पहिरो नियन्त्रणका लागि वृक्षारोपण कार्यक्रम | 100000 | | |
| २ | वृक्षरोपण (अल्लो संरक्षण घेराबारा) | 150000 | 2 | |
| **जम्मा** | | **2,50,000** | | |

### ४.२ वातावरण स्वच्छता तथा फोहोरमैला व्यवस्थापन:

आम नागरिकलाई स्वच्छ तथा स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकलाई ध्यानमा राख्दै वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि रू ६ लाख रकम विनियोजन गरेको छु ।

| क्र स | कार्यक्रमको नाम | बिनियोजित रकम | **श्रोत** | |
|---|---|---|---|---|
| 1 | डम्पिङ साइट निर्माण कार्यक्रम | 500000 | | |
| 2 | कुहिने र नकुहिने फोहोर व्यवस्थापन | 100000 | | |
| **जम्मा** | | **६,००,०००** | | |

### ४.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकुलनतर्फ:

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई मध्यनजर गरी स्थापना गरिएको स्थानीय विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छ ।जलवायु परिवर्तनबाट जनजीवनमा पर्ने प्रतिकुल असर तथा प्रभावबारे चेतना फैल्याउन र विपद् जोखिम व्यवस्थापन, पूर्वतयारी, रोकथामका लागि खोज तथा उद्दार सामग्री खरिदका लागि रू १३,५०,०००।– (अक्षरेपी तेह्र लाख पचास हजार) रकम विनियोजन गरेको छ ।

| क्र स | कार्यक्रमको नाम | विनियोजित रकम | श्रोत | |
|---|---|---|---|---|
| 1 | स्थानीय विपद् व्यवस्थापन कोष | 800000 | | |
| 2 | खोज तथा उद्दार सामग्री खरिद एवं व्यवस्थापन | 200000 | | |
| 3 | विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम | 100000 | | |
| 4 | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण सञ्चालन | 100000 | | |
| **जम्मा** | | **13,50,000** | | |

**५. सुशासन तथा संस्थागत विकास समिति:**

सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो छरितो, पारदर्शी एवं प्रभावकारी र प्रशासनलाई नतिजामुखी बनाई सुशासन कायम गर्न, स्थानीय ऐन, नियम, मापदण्डहरूको निर्माण गरी कार्यान्वयन गर्न र कर्मचारी, शिक्षक तथा जन प्रतिनिधिहरूको क्षमता अभिवृद्धि लगायतका कार्यक्रमलाई सुशासन तथा संस्थागत विकास तर्फ ८,३९,६९,०००।– रकम विनियोजन गरेको छ ।

| क्र स | कार्यक्रमको नाम | बिनियोजित रकम | वडा नं. | स्रोत |
|---|---|---|---|---|
| 1 | पारिश्रमिक कर्मचारी | 17849000 | | |
| 2 | पारिश्रमिक पदाधिकारी | 5600000 | | |
| 3 | कर्मचारी पोशाक | 600000 | | |
| 4 | कर्मचारीको स्थानीय भत्ता | 1500000 | | |
| 5 | महंगी भत्ता | 1050000 | | |
| 6 | कर्मचारीको बैठक भत्ता | 600000 | | |
| 7 | उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम | 150000 | | |
| 8 | पदाधिकारी बैठक भत्ता | 900000 | | |
| 9 | कर्मचारी कल्याण कोष | 500000 | | |
| 10 | पानी तथा बिजुली | 500000 | | |
| 11 | संचार महसुल | 1650000 | | |
| 12 | इन्धन (चारपाङ्ग्रे) | 1000000 | | |
| 13 | इन्धन (कार्यालय प्रयोजन) | 800000 | | |
| 14 | सवारी साधन मर्मत खर्च (दुई पाङग्रे) | 2000000 | | |
| 15 | सवारी साधन मर्मत खर्च (चारपाङग्रे) | 1800000 | | |
| 16 | सफ्टवेयर नवीकरण खर्च | 150000 | | |
| 17 | कम्प्युटर/प्रिन्टर तथा इलेक्ट्रोनिक सामान खरिद तथा मर्मत | 1000000 | | |
| 18 | अतिथि सत्कार | 500000 | | |
| 19 | बिमा तथा नवीकरण खर्च | 800000 | | |

| | | | | |
|---|---|---|---|---|
| 20 | प्रशासनिक खर्च (रु ४ लाखका दरले ६ वडामा) | 2400000 | | |
| 21 | मसलन्द तथा कार्यालय सामग्री | 2500000 | | |
| 22 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 1500000 | | |
| 23 | करार सेवा पारिश्रमिक (पोशाक, स्थानीय भत्ता, महङ्गी भत्ता तथा अन्य भत्ता समेत) | 15200000 | | |
| 24 | कर्मचारी, शिक्षक तथा पदाधिकारी क्षमता अभिवृद्धि एवं सीप विकास सम्बन्धी कार्यक्रम | 1500000 | | |
| 25 | भ्रमण खर्च | 3000000 | | |
| 26 | विविध खर्च | 3000000 | | |
| 27 | स्वास्थ्य संस्थाहरुको कार्यालय संचालन | 300000 | | |
| 28 | सभा सञ्चालन खर्च | 500000 | | |
| 29 | सुरक्षा व्यवस्थापन | 200000 | | |
| 30 | फोहोरमैला व्यवस्थापन | 100000 | | |
| 31 | घरभाडा | 500000 | | |
| 32 | एम्बुलेन्स चालकहरूलाई राजश्व उठाए बापत १० प्रतिशत प्रोत्साहन स्वरुप भत्ता | 150000 | | |
| 33 | न्यायिक समिति सचिवालय सञ्चालन खर्च | 120000 | | |
| 34 | सार्वजनिक सुनुवाई | 600000 | | |
| 35 | शैक्षिक गतिविधिहरु समेटिएको रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | 600000 | | |
| 36 | मैवाखोलामा जन्मिएका विशिष्ट व्यक्तिहरुको परिचय तथा जीवनी सम्बन्धी सामग्री सङ्कलन, सम्पादन र पुस्तक प्रकाशन | 700000 | | |
| 37 | बजार अनुगमन र नियमन | 100000 | | |
| 38 | आवधिक विकास योजनाको मध्यावधि समीक्षा | 500000 | | |
| 39 | आर्थिक सर्वेक्षण र MTEF अध्यावधिक तथा तालिम | 500000 | | |
| 40 | भौतिक पूर्वाधार क्षेत्रमा ३ वर्षमा भएका काम उपलब्धि (कार्यप्रगति) तथ्याङ्क सहितको अध्ययन विश्लेषण समेटिएको श्रव्य दृष्य सामग्री निर्माण तथा प्रशारण | 500000 | | |
| 41 | पालिका भित्र ३ वर्षमा स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिहरु कार्य प्रगतिको तथ्याङ्क सहित अध्ययन, विश्लेषण समेटिएको श्रव्य दृष्य सामग्री निर्माण तथा प्रशारण | 500000 | | |
| 42 | स्थानीय सेवा कर्मचारी अवकास कोष | 500000 | | |
| 43 | AI साक्षरता र साइबर सुरक्षा सम्बन्धी अभिमुखीकरण | 500000 | | |
| 44 | अध्ययन अवलोकन भ्रमण | 1000000 | | |
| 45 | विद्यालय व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद | 500000 | | |
| 46 | मोटर साइकल खरिद | 1600000 | | |

| | | | | |
|---|---|---|---|---|
| 47 | ड्रोन क्यामेरा खरिद (कार्यालय प्रयोजन) | 500000 | | |
| 48 | पर्यटकीय स्थल तथा दोबाटोहरूमा दिशा निर्देशन बोर्ड स्थापना | 200000 | | |
| 49 | मा.वि स्तरको विद्यालयमा कानूनी सचेतना तथा वडा वडामा कानूनी सचेतना (न्यायिक समिति) | 500000 | | |
| 50 | लेखापढी व्यवसाय सञ्चालनका लागि तालिम (न्यायिक समिति) | 500000 | | |
| 51 | टोलविकास संस्थालाई कर शिक्षा तथा योजना व्यवस्थापन तालिम | 300000 | | |
| 52 | मर्मत संभार कोष | 3500000 | | |
| 53 | ईन्भर्टर खरिद तथा झण्डा स्तम्भ निर्माण | 50000 | २ | |
| 54 | वडा कार्यालय ग्राउण्ड सम्याउने र प्रोजेक्टर खरिद | 300000 | ५ | |
| 55 | पुनरताजगी कम्प्यूटर तालिम | 100000 | ६ | |
| **जम्मा** | | **8,39,69,000** | | |

अन्त्यमा यस बजेट अधिवेशन सुरू हुनु पूर्वदेखि नै नीति तथा कार्यक्रममा विचार धारणा राखेर सहयोग गर्नुहुने सभाध्यक्षज्यू, सभाका सदस्यहरू, राजनैतिक दलका नेतृत्वकर्ताहरू, अग्रज समाजसेवीहरू, सुझाव सङ्कलनको क्रममा महत्वपूर्ण सुझाव दिनुहुने व्यक्तित्वहरू, बजेट निर्माणमा अहोरात्र खटिनु हुने राष्ट्रसेवक कर्मचारीहरू र सञ्चारकर्मीज्यूहरू सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दछु ।

......................................

**कमल कुमारी लिम्बू**

**उपाध्यक्ष**

**मैवाखोला गाउँपालिका**